महोत्तरी जिल्ला अदालत जलेश्वर

चमेनागृह संचालन सम्बन्धी १५ दिने सूचना

प्रथम पटक सूचना प्रकाशन मिति २०८१/०५/१२

महोत्तरी जिल्ला अदालत जलेश्वर भवन कम्पाउण्ड भित्र अदालतका माननीय न्यायाधीश, कर्मचारी, सुरक्षाकर्मी एवं सेवाग्राही स्वयंले भुक्तानी गर्ने गरी तपसिल बमोजिमको शर्तको अधिनमा रही खाजा/खाना उपलब्ध गराउने गरी चमेनागृह सञ्चालन गर्नुपर्ने भएको हुदाँ ईच्छुक व्यक्ति तथा व्यवसायीले १५ ( पन्ध्र ) दिन भित्र कार्यालय समयमा खाजा / खानाको परिकार र इकाई अनुसारको खाजा तथा खाना के कति दररेटमा उपलव्ध गराउन सकिन्छ । खाजा / खानाको विवरण र इकाई सहितको फाराम यस कार्यालयको प्रशासन शाखाबाट खरिद गरि दर्ता गर्न सकिनेछ ।

१. दरभाउ फाराम खरिदका लागि यस अदालतको लेखा शाखामा रु. ५००/ जम्मा गरी सो को नगदी रसिद पेश गर्नु पर्नेछ ।
२. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ पन्द्र दिन भित्र कार्यालय समयमा दरभाउ पत्र फाराम खरिद गरी दर्ता गर्न सकिनेछ । सूचना प्रकाशित भएको मितिले १६ औ दिन दिनको २ वजे दर्ता हुन आएका सिलबन्दी दरभाउपत्र यस कार्यलयमा खोलिनेछ १६ औ दिन सार्वजिनक विदा पर्न गएमा सो को भोलिपल्ट सोही समयमा खोलिनेछ ।
३. सिलवन्दी दरभाउपत्र फाराममा दर रेट अंङ्क र अक्षर दुबैमा केरमेट नगरि स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ । रित नपुगेका र नबुझिने गरी केरमेट गरी पेश गरेको दरभाउपत्र फारमलाई मूल्याङ्कनमा समावेश गरिने छैन।
४. प्राप्त सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस अदालतलाई रहनेछ।
५. चमेनागृह सञ्चालन गरेवापत वार्षिक रु ५,०००/- ( पाचहजार ) यस अदालतको राजश्व खातामा जम्मा गर्नु पर्नेछ।
६. अदालत र चमेना गृह सञ्चालक विच सम्झौता गर्नु अघि सञ्चालकले अदालतले तोकिदिए बमोजिम रु .१०,०००/ धरौटी जम्मा गर्नु पर्नेछ।
७. सरसफाई प्रयोजनको लागि पानी अदालतले उपलब्ध गराउने र पिउने ताथा खाना पकाउने स्वच्छ पानीको व्यवस्था सञ्चालक स्वयले गर्नुपर्नेछ।
८. चमेनागृहका लागि जडान भएको छुट्टै विधुत सव मिटरमा उठेको बिलको भुक्तानी गर्ने दायित्व चमेनागृहका सञ्चालकको हुनेछ।
९. चमेनागृह संचालन गर्न इच्छुक व्यक्ति वा व्यवसायीलाई अदालत भवनको कम्पाउण्ड भित्र निर्माण गरिएको चमेना गृह संचालन गर्न आवश्यक पर्ने टेवुल, कुर्सी, तथा भाडा वर्तनको व्यवस्था सञ्चालक स्वयंले गर्नुपर्नेछ ।
१०. प्रचलित प्रमाण भन्दा घटी नहुने गरी चमेनागृह उपलव्ध गराइने खाध परिकार स्वस्थ तथा गुणस्तरयुक्त हुनु पर्नेछ ।

११. खाध परिकारको परिमाण, स्वस्थ तथा गुणस्तर एव चमेनागृह वरपरको सरसफाइ स्थितिका वारेमा निरन्तर अनुगमन हुनेछ ।

१२. पूर्व निर्धारित स्तरको सेवा प्रवाह सन्तोषजनक नभएको पाइएमा जुनसुकै वखत अदालतले एकतर्फि रुपले सम्झौता रद्ध गरी सञ्चालकलाई हटाउन सक्नेछ ।

१३. चमेनागृह सञ्चालनको अवधी पहिलो पटक २०८२ साल आषाढ मसान्त सम्म कायम रहने छ । त्यसपछि सेवा सन्तोषजनक रहे सम्म प्रत्येक वर्ष सम्झौता नविकरण हुदै जाने छ ।

१४. चमेनागृहबाट उपलव्ध गराउनुपर्ने मुख्य मुख्य खाजा / खानाको परिकार, इकाई र मुल्य देहाय बमोजिम खुलाई पेश गर्नु पर्नेछ ।

१५. दरभाउपत्रको मुल्याङ्कन इकाईगत रुपमा नभई एकमुष्ट पेश गरेको मुल्यलाइ आधार लिइनेछ ।

| क्र.सं. | विवरण | इकाई | सिलवन्दी दरभाउपत्र पेश गर्नेको प्रस्तावित मुल्य | | कैफियत |
|---|---|---|---|---|---|
| | | | कवोल दर अंकमा | कवोल दर अक्षरमा | |
| १ | सादा खाना | १ सेट | | | |
| २ | चिकेन खाना | १ सेट | | | |
| ३ | मटन खाना | १ सेट | | | |
| ४ | समोसा, छोला | १ प्लेट | | | |
| ५ | लिटि, छोला | १ प्लेट | | | |
| ६ | चना, चिउरा, पकौरा | १ प्लेट | | | |
| ७ | रोटी ,दही, तरकारी | १ प्लेट | | | |
| ८ | हलुवा | १ प्लेट | | | |
| ९ | खिर/ आचार | १ प्लेट | | | |
| १० | चाउमिन | १ प्लेट | | | |
| ११ | दही, चिउरा | १ प्लेट | | | |
| १२ | रोटी, दालफ्राइ तरकारी | १ प्लेट | | | |
| १२ | दुध कफि | १ कप | | | |
| १३ | कालो चिया | १ कप | | | |
| १४ | दुध चिया | १ कप | | | |
| १५ | माछा च्युरा भुजा सलाद | १ प्लेट | | | |
| १६ | सेलरोटी तरकारी | १ प्लेट | | | |
| १७ | रसवरी | १ पिस | | | |
| १८ | लालमोहन | १ पिस | | | |
| १९ | कालाकन्द | १ पिस | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| २० | रसमलाइ | १ पिस | | | |
| २१ | क्रिम मलाई | १ पिस | | | |
| २२ | पनिर च्युरा तरकारी सलाद | १ प्लेट | | | |
| २३ | पानी वोतल | १ वोतल | | | |
| २४ | भेज ममः | १ प्लेट | | | |
| २५ | चिकेन ममः | १ प्लेट | | | |
| २६ | मटन ममः | १ प्लेट | | | |
| २७ | मटन चिउरा भुजा सलाद | १ प्लेट | | | |
| २८ | चिकेन चिउरा भुजा सलाद | १ प्लेट | | | |
| २९ | चिकेन चाउमिन | १ प्लेट | | | |
| ३० | भुटन | १ प्लेट | | | |
| ३१ | चिकेन कलेजो पाँग्रा | १ प्लेट | | | |
| ३२ | चिकेन रोष्ट | १ प्लेट | | | |
| ३३ | अण्डा उसिनेको | १ पिस | | | |
| ३४ | अण्डा अम्लेट | १ पिस | | | |
| ३५ | अण्डा चिउरा | १ प्लेट | | | |
| ३६ | कोक २५० एम एल | १ वोतल | | | |
| ३७ | फेन्टा २५० एम एल | १ वोतल | | | |
| ३८ | स्प्राइट २५० एम एल | १ वोतल | | | |
| ३९ | रियल जुस २५० एम एल | १ वोतल | | | |
| ४० | लस्सी | १ गिलास | | | |

यस अदालतको सूचनामा प्रकाशन गरेको तथा यसै दरभाउ पत्रमा उल्लेख भएका शर्त पालन गर्न मन्जुर भई यो दरभाउ पत्र पेश गरेको छु ।

दरभाउ प्रमाणित गर्ने अधिकारी

कबोल गरेको कुल जम्मा रकम

दस्तखतः-

अंकमा

नामः-

अक्षरमा

शिलवन्दी दरभाउ पत्र पेश गर्नेको

दस्तखतः-

नामः-

ठेगानाः-

मोबाइल नम्वरः-